## नगर प्रहरी जवानको परीक्षा तालिका सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०२/१३

चैनपुर नगरपालिकाको मिति २०८२।०१।०८ गते नगर प्रहरी जवान सेवा करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना बमोजिम तोकिएको समयभित्र दरखास्त पेश गर्ने उम्मेदवारहरुको विभिन्न चरणको परीक्षा कार्यक्रमहरु तपसील बमोजिम प्रकाशन गरिएको हुँदा उम्मेदवारहरुले दरखास्त साथ पेश गरेका सबै कागजातहरुको सक्कल तथा प्रवेश पत्र साथ परीक्षा संचालन हुनु भन्दा ३० मिनेट अगाडी नै तोकिएको मिति, समय र स्थानमा उपस्थित हुनु हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| विज्ञापन नं. | पद, तह र माग संख्या | प्रारम्भिक स्वास्थ्य परीक्षा हुने | शारीरिक तन्दुरुस्ती परीक्षण हुने | अन्तर्वार्ता हुने मिति |
|---|---|---|---|---|
| १२/०८१/८२ | नगर प्रहरी जवान, सहायकस्तर दोस्रो तह (नेपाल प्रहरीको जवान सरह)<br>**पुरुषः २ जना**<br>**महिलाः १ जना**<br>**जम्माः ३ जना** | **मितिः**२०८२।०२।२३<br>**स्थानः** चैनपुर नगर अस्पताल र चैनपुर आखा उपचार केन्द्र<br>**समयः** विहान १०:०० बजे देखि | **मितिः**२०८२।०२।२४<br>**स्थानः** संखुवासभा बहुमुखी क्याम्पस चैनपुरको खेल मैदान<br>**समयः** विहान ६:३० बजे देखि | **मितिः** २०८२।०२।२४<br>**स्थानः** चैनपुर नगरपालिकाको कार्यालय<br>**समयः** बेलुका २:०० बजे |

१. प्रवेश पत्र मितिः २०८२।२।१८ गते १० बजे देखि चैनपुर नगरपालिकाबाट वितरण गरिनेछ।

२. तोकिएको मिति, समय र स्थानमा अनिवार्य उपस्थित हुनु पर्ने छ उक्त मिति, समय र स्थानमा उपस्थित नभएमा उम्मेदवालाई छुटै परीक्षा लिईने छैन।

३. प्रारम्भिक स्वास्थ्य परीक्षणमा परीक्षण गरिने सूचकहरु चैनपुर नगरपालिका नगर प्रहरी (संचालन तथा व्यवस्थापन) ऐन, २०८१ बमोजिम हुनेछ। प्रारम्भिक स्वास्थ्य परिक्षणमा उत्तीर्ण उम्मेदवारहरुमात्र शारिरीक तन्दुरुस्ती परीक्षामा सहभागि हुन पाउने छन।

४. शारीरिक तन्दुरुस्ती परीक्षामा देहायका इभेन्ट हुनेछन। कुनै पनि पहिलो इभेन्टमा अनुत्तिर्ण हुने उम्मेदवारलाई सो भन्दा पछिल्लो इभेन्टमा सहभागि गराईने छैन। प्रत्येक इभेन्टको उत्तीर्णाङ्क, समय र सूचक नेपाल प्रहरीको सम्बन्धित पदका लागि तोकिए बमोजिम हुने छ।

| पहिलो इभेन्ट | दोस्रो इभेन्ट | तेस्रो इभेन्ट | चौथो इभेन्ट | पाँचौं इभेन्ट | छैटौं इभेन्ट | सातौं इभेन्ट |
|---|---|---|---|---|---|---|
| ३०० मि. दौड | लङ्ग जम्प | हाई जम्प | सिट अप | पुस अप | चिन अप/पुल अप | ३.२ कि.मी. दौड |

५. शारीरिक तन्दुरुस्ती परीक्षणमा सहभागि हुन उम्मेदवारहरुको अनिवार्य रुपमा ट्रयाक सुट वा हाफ पाईन्ट टिसर्ट तथा स्पोर्टस जुत्ता लगाउनु पर्नेछ।

६. शारीरिक तन्दुरुस्ती परीक्षामा सबै इभेन्टहरु उत्तीर्ण हुने उम्मेदवारहरु नगर प्रहरी जवान पदको अन्तर्वार्तामा सहभागी हुन पाउने छन्।

७. यस सम्बन्धमा विस्तृत जानकारीको लागि चैनपुर नगरपालिका कार्यालयको प्रशासन शाखामा सम्पर्क गरी जानकारी लिन सक्नुहुनेछ।

संयोजक

नगर प्रहरी छनौट तथा सिफारिस समिति